

# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४३ | अंक ८ | नेपाल राष्ट्र बैंक समाचार | वैशाख २०७६ | अप्रिल-मई २०१९

## कृषि मार्फत औद्योगिकीकरणमा जान SMEs महत्त्वपूर्ण – गभर्नर डा. नेपाल




गभर्नर डा. चिरंजीवि नेपालको प्रमुख आतिथ्यमा अनुसन्धान विभागले २०७५ चैत १३ गते काठमाडौंमा Small and Medium Enterprises (SMEs) Financing in Nepal विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा गभर्नर डा. नेपालले साना तथा मझौला उद्योगलाई सबैले बेवास्ता गर्ने गरेको उल्लेख गर्दै हाम्रो देशमा SMEs ले सबैभन्दा बढी रोजगारी सृजना गरेको तर SMEs को क्षेत्र र योगदान घट्दै गइरहेको सन्दर्भमा यसको विस्तृत अध्ययन नेपाल राष्ट्र बैंकले गरिरहेको बताउनुभयो ।

कृषि मार्फत औद्योगिकीकरणमा जान SMEs महत्वपूर्ण रहेको चर्चा गर्दै उहाँले SMEs लाई प्रवर्द्धन गर्न र यसको विकासमा सहयोग गर्ने विषयमा छलफल अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो । साथै, उहाँले SMEs को प्रवर्द्धन र विकास तथा वित्तीय क्षेत्रमा परेका अप्ठ्याराहरू बारे छलफल गर्न अन्तरक्रिया आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् डेपुटी गभर्नर शिवराज श्रेष्ठले SMEs, बैंक तथा वित्तीय संस्थालाई परेको अप्ठ्यारा र सो सम्बन्धमा नेपाल राष्ट्र बैंकले गर्नुपर्ने कार्य, SMEs लाई अगाडि बढाउन र सक्रिय बनाउन आवश्यक रायसुझाव पेश गर्न अनुरोध गर्दै धन्यवाद मन्तव्य दिनुभएको थियो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले अर्थतन्त्रमा SMEs को महत्वपूर्ण भूमिका रहेको बताउँदै नेपालका SMEs को बारेमा गरिएको अध्ययनको प्रतिवेदनलाई अन्तिम रूप दिने क्रममा रायसुझावका लागि कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले SMEs Financing in Nepal विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा उहाँले मुलुकको आर्थिक विकासमा साना तथा मझौला उद्योगको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै SMEs को विषयमा सर्वेक्षण गरी सर्वेक्षण पश्चात् मूल्यांकन गर्ने प्रयोजनको लागि २०७६ असार मसान्तसम्ममा सर्वेक्षण कार्य सम्पन्न गर्ने बताउनुभयो । नेपालमा SMEs को वर्तमान अवस्थाको समीक्षा गर्ने, कर्जा प्रवाहमा देखिएका चुनौती र समाधानका उपायहरूलाई पहिल्याउने र आवश्यक नीतिगत सुझाव पेश गर्ने अध्ययनको उद्देश्य रहेको उहाँले बताउनुभयो ।

विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, साना तथा मझौला उद्योगीहरू, Venture Capitalist/ Private Equity, SMEs विषयविज्ञ, पूँजी बजार विज्ञ तथा सरोकारवाला निकायका गरी ५८ जना प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सहभागीहरूले साना तथा मझौला उद्योग सम्बन्धमा आफ्नो क्षेत्रमा रहेका समस्याहरू र समाधानका बारेमा आ-आफ्नो अवधारणा प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका निर्देशक दिपकराज लामिछानेले गर्नुभएको थियो ।

## बैंक खाता अभियान, २०७६ संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत

नेपाल सरकारको बजेट वक्तव्य मार्फत अघि बढाएको खोलौं बैंक खाता अभियान, २०७६ को कार्यान्वयनमा सहजता तथा सफलताका लागि नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ को इ.प्रा. निर्देशन नं. ६/०७५ र १९/०७५ मा थप व्यवस्था गरी २०७५ चैत २७ मा निर्देशन जारी गरेको छ ।

उक्त व्यवस्था अनुसार संस्थालाई संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील बनाउने उद्देश्यले संस्थाले हरेक आर्थिक वर्षमा आर्जन गरेको खुद मुनाफाको कम्तिमा १ प्रतिशत छुट्याई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्ने नीतिगत व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकबाट जारी इ.प्रा. निर्देशन नं. ६/०७५ को बुँदा नं. १६ मा संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकम विभिन्न क्षेत्रमा खर्च गर्न सक्ने

बाँकी ४ पृष्ठमा

# बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशनमा संशोधन/परिमार्जन

### लगानी समायोजन कोष सम्बन्धी व्यवस्था

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ चैत ७ गते एक परिपत्र जारी गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७५ मा भएका विभिन्न व्यवस्थाहरूमा संशोधन/परिमार्जन गरेको छ।

इ.प्रा. निर्देशन नं. ८/०७५ को बुँदा नं. ३ मा रहेको संगठित संस्थाको सेयर, डिबेञ्चर तथा अन्य लगानी सम्बन्धी व्यवस्था अन्तर्गत लगानी समायोजन कोष सम्बन्धी व्यवस्थालाई केही खुकुलो पारिएको छ। यस अघि प्रचलित कानुन बमोजिम सूचीकृत हुन नपर्ने संस्थामा इजाजतपत्रप्राप्त संस्थाको शत्प्रतिशत लगानी रहेको अवस्थामा लगानी समायोजन कोष कायम गर्न अनिवार्य नहुने व्यवस्थालाई संशोधन गरी यस्ता संस्थामा इजाजतपत्रप्राप्त संस्थाको एकाउन्न प्रतिशत वा सोभन्दा बढी लगानी रहेको अवस्थामा लगानी समायोजन कोष कायम गर्न अनिवार्य नहुने व्यवस्था गरिएको छ।

### निष्कृय खाता सम्बन्धी व्यवस्था

इ.प्रा. निर्देशन नं. १६/०७५ वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्थाको बुँदा नं. ३ मा निष्कृय खाता सम्बन्धी निर्देशन थप गरिएको छ। यस अन्तर्गत इजाजतपत्रप्राप्त संस्थाले कारोबार नभएका बचत खाताको हकमा ३ वर्ष एवम् कल खाता र चल्ती खाताको हकमा ६ महिना भन्दाबढी समयावधि व्यतीत भएपछि त्यस्तो खाता निष्कृय (Dormant) गर्नुपर्ने छ। यस अघि बैंक तथा वित्तीय संस्थाको नीतिगत व्यवस्था बमोजिम निष्कृय गरिएका खाताहरूको हकमा यसै व्यवस्था बमोजिम अध्यावधिक गर्नुपर्ने तथा यसरी खाता सक्रिय गर्दा संस्थाको ग्राहक पहिचान सम्बन्धी नीति बमोजिम अद्यावधिक भएको खाताको हकमा सम्बन्धित ग्राहकको निवेदन बाहेक अन्य कागजात लिन आवश्यक नहुने व्यवस्था गरिएको छ।

### सहुलियत कर्जा सम्बन्धी व्यवस्था

इ.प्रा. निर्देशन नं. १७/०७५ को बुँदा नं. ३ को उपबुँदा बुँदा नं. (थ) लाई संशोधन गरिएको छ। संशोधित व्यवस्था बमोजिम नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिमका कर्जाहरूमा रु. १० लाखसम्मको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा, रु. १५ लाखसम्मको महिला उद्यमशील कर्जा र उक्त कार्यविधिमा उल्लिखित अन्य सहुलियतपूर्ण कर्जाहरूलाई विपन्न वर्ग कर्जामा गणना गर्न सकिने व्यवस्था गरिएको छ। यस अघि व्यवसायिक कृषि परियोजनाको धितोमा प्रवाहित रु. १० लाखसम्मको कर्जा र नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको "व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ बमोजिम तोकिएका कृषि व्यवसायहरूमा ऋणीहरूलाई प्रवाह भएको रु. १० लाखसम्मको कर्जा यस व्यवस्था अन्तर्गत रहेका थिए।

### प्राथमिकता प्राप्त क्षेत्र कर्जा सम्बन्धी व्यवस्था

इ.प्रा. निर्देशन नं. १७/०७५ को बुँदा नं. १७ को मा रहेको तोकिएका उत्पादनशील क्षेत्र कर्जा सम्बन्धी व्यवस्था शीर्षक संशोधन गरी प्राथमिकताप्राप्त क्षेत्र कर्जा सम्बन्धी व्यवस्था कायम गरेको साथै अनुगमन तथा हर्जाना सम्बन्धी व्यवस्थालाई थप स्पष्ट पारिएको छ।

### Margin Trading कारोबार सम्बन्धी व्यवस्था

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ चैत १४ गते परिपत्र जारी गरी यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन २०७५ को इ.प्रा. निर्देशन नं. २/०७५ को बुँदा नं. १६ को उपबुँदा (क) को खण्ड (७) मा रहेको विद्यमान व्यवस्थामा संशोधन गरेको छ। उक्त खण्डमा धितोपत्र व्यवसायीले गर्ने Margin Trading सम्बन्धी कारोबार प्रचलित कानुनी व्यवस्थाको अधिनमा रही नेपाल धितोपत्र बोर्डको नीति/निर्देशन अनुरूप गर्नुपर्ने र त्यस्तो धितोपत्र व्यवसायीलाई नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको सिफारिसमा यस बैंकबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ मा भएको व्यवस्था बमोजिम स्वीकृति प्रदान गरिने व्यवस्था गरेको छ। यस अघिको व्यवस्थामा धितोपत्र व्यवसायीलाई धितोपत्र बोर्डका सिफारिसमा स्वीकृति प्रदान गरिने व्यवस्था रहेको थियो।

# विदेशी विनिमय विभागले जारी गरेको एकीकृत परिपत्रमा संशोधन

विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ चैत ४ गते एक परिपत्र जारी गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरूलाई जारी गरिएको एकीकृत परिपत्र-२०७४ मा संशोधन तथा थप गरेको छ।

### ट्रक मार्फत तथा रेलमार्ग मार्फत हुने आयातका लागि भन्सारबिन्दुमा परिवर्तन

एकीकृत इ.प्रा. परिपत्र-२०७४ को इ.प्रा. परिपत्र १/२०७४ को बुँदा १.१.१ खण्ड (ग) को (४) सम्बन्धमा नेपाल सरकार अन्तर्गतका विभिन्न कार्यालय, आयोजना तथा सरकारी संस्थानहरूले आयात गर्ने सामान बाहेक अन्य आयातकर्ताहरूले तेस्रो मुलुकबाट भारतको कोलकाता/हल्दिया बन्दरगाह हुँदै ट्रक मार्फत आयात गरिने बस्तुहरू मेची भन्सार, विराटनगर भन्सार, वीरगञ्ज भन्सार, भैरहवा भन्सार, नेपालगञ्ज भन्सार, धनगढी भन्सार र वीरगञ्ज सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट गर्नुपर्ने व्यवस्था गरेको छ।

तर, कोलकाता बन्दरगाह भएर तेस्रो मुलुकबाट आउने र रेल मार्फत ढुवानी हुने Consignment हरू Transshipment Modality मा Electronic Cargo

बाँकी ८ पृष्ठमा

# चितवनमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको सहयोग र बैंकका पूर्व कर्मचारी संघको आयोजना तथा वोमी लघुवित्त वित्तीय संस्थाको समन्वयमा ग्रामीण तथा अर्धग्रामीण क्षेत्रमा वित्तीय चेतना अभिवृद्धि गर्न, बैंकिङ अभ्यासको विकास गर्न, औपचारिक वित्तीय कारोवार (बैंकिङ, बीमा, पूँजीबजार, रेमिट्यान्स) लाई प्रोत्साहन गर्न तथा उद्यमशील नागरिकको निर्माण गर्ने उद्देश्यले भरतपुर महानगरपालिका वडा नं. २६, ज्योतिनगर, चितवनमा मिति २०७५ चैत १५ गते शुक्रबार वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न गरियो ।

वोमी लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री प्रमेश आचार्यको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा नेपाल राष्ट्र बैंकका सहायक निर्देशक श्री प्रेमप्रसाद आचार्यले शुभकामना सन्देश सहितको वित्तीय साक्षरताका सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभएको थियो। प्रमुख अतिथि भरतपुर महानगरपालिका वडा नं. २६ का अध्यक्ष श्री ज्ञानप्रसाद खनालले वित्तीय चेतना आजको आवश्यकता रहेको र वित्तीय चेतनाले नै समाज र देशको समृद्धि सम्भव भएको बताउनुभयो। नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक श्री सिद्धिकृष्ण जोशी तथा पूर्व निर्देशक श्री प्रमोदप्रसाद नेपालले वित्तीय चेतनाका अन्तर्निहित विभिन्न विषयवस्तुको बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । नेपाल राष्ट्र बैंकका पूर्व अधिकृतहरू किशोरी थापा तथा रुक्मिणी गौतमको समेत उपस्थिति रहेको उक्त कार्यक्रममा वोमी लघुवित्त वित्तीय संस्थाका कर्मचारीहरू, स्थानीय विद्यालय एवम् कलेजका विद्यार्थी, कृषक, स्थानीय वासिन्दा लगायतको उल्लेख्य उपस्थिति रहेको थियो। सो कार्यक्रमको सञ्चालन वोमी लघुवित्त वित्तीय संस्थाका सहायक प्रमुख कार्यकारी अधिकृत रविन्द्र तिमिल्सेनाले गर्नुभएको थियो ।




# लहान तथा दोलखामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको सहयोग र नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघको आयोजनामा सिरहाको लहानमा २०७५ चैत २३ गते वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भयो । सिरहा जिल्लाको क्षेत्र नं. २ का प्रदेशसभा सदस्य लगनलाल चौधरीको प्रमुख आतिथ्यमा आयोजित उक्त कार्यक्रममा उद्योग वाणिज्य संघ, सिरहाका अध्यक्ष अशेष अमात्यले अन्तर्राष्ट्रिय विकासक्रमसँगै नेपाली बैंक तथा वित्तीय संस्थाहरू पनि विभिन्न बैंकिङ उपकरणहरू (Banking Instruments) र नगद रहित प्रणाली (Cashless System) मा प्रयोग बढाउनुपर्नेमा जोड दिँदै यस्तो कार्यक्रम निरन्तर रूपमा सञ्चालन गरी वित्तीय साक्षरताको ज्ञान प्रदान गर्नुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका सचिव गोविन्दप्रसाद गौतम र खगेन्द्रप्रसाद गौतमले संयुक्त रूपमा वित्तीय सचेतना सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । बैंकका पूर्व उप-निर्देशक सियाराम चौधरीले स्थानीय मैथिली भाषामा बैंकमा बचत गर्ने बानीको साथै वित्तीय साक्षरताको महत्व बारे चर्चा गर्नुभएको थियो । सो कार्यक्रममा नेपाल राष्ट्र बैंकको तर्फबाट प्रधान सहायक समिता श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्दै बैंकहरूले प्रदान गर्ने सहुलियतपूर्ण कर्जाको बारेमा जानकारी दिनुभएको थियो ।

यसैगरी, नेपाल राष्ट्र बैंक, पूर्व कर्मचारी संघले नेपाल राष्ट्र बैंकको आर्थिक सहयोगमा २०७५ चैत २२ गते शुक्रबार दोलखा जिल्लाको तामाकोशी गाउँपालिका वार्ड नं. ३ जफे, डुँडे स्थित सितापाइला माध्यमिक विद्यालयमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रमको आयोजना गर्‍यो । उक्त कार्यक्रममा संघका महासचिव भोलानाथ प्रेमीले वार्ता प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका सहायक निर्देशक मनोजकुमार के.सी.ले बैंक तथा वित्तीय संस्थाहरूबाट सर्वसाधारणले प्राप्त गर्न सक्ने सेवाबाट उद्यमी बन्न मद्दत पुग्ने अवस्था, बचत गर्ने बानीको विकास, कर्जाको सदुपयोग, सफा नोट नीति, सहुलियत कर्जा लगायतका विषयमा अन्तरक्रियामा सहभागीहरूको तर्फबाट उठाइएका प्रश्नहरूको जवाफ दिनुभएको थियो । उक्त कार्यक्रमको अध्यक्षता गर्नुभएका सितापाइला माध्यमिक विद्यालयका प्रधानाध्यापक सुदर्शन पोखेलले कार्यक्रमको आयोजना गरेकोमा धन्यवाद दिँदै यस्ता कार्यक्रमले बैंकिङ बानीको विकास गर्न सघाउ पुग्ने विचार व्यक्त गर्नुभएको थियो ।



# NFRS बमोजिम वित्तीय विवरण तयार गर्ने सम्बन्धी अन्तरक्रिया सम्पन्न

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७५ फागुन ३० गते काठमाडौंमा "ख" र "ग" वर्गका वित्तीय संस्थाहरूका लागि NFRS बमोजिमको वित्तीय विवरण तयार गर्ने सम्बन्धमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले NFRS क्रमबद्ध रूपमा लागू गर्दै जाने योजना अनुसार "क" वर्गका बैंकहरूमा लागू भैसकेको र यसबाट बैंक तथा वित्तीय संस्थाहरू पारदर्शी रूपमा सञ्चालन हुन सहयोग पुगेको उल्लेख गर्नुहुँदै यस आर्थिक वर्षदेखि "ख" र "ग" वर्गका वित्तीय संस्थाहरूमा समेत लागू गर्ने गरी निर्देशन जारी भैसकेको अवस्थामा सोही अनुसार तयारी गर्न सम्बन्धित वित्तीय संस्थाका प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

सो कार्यक्रममा बैंकका सञ्चालक डा. सुबोधकुमार कर्णले बैंक तथा वित्तीय संस्थाहरूमा NRFS लागू भएपश्चात वित्तीय विवरणमा एकरूपता आउने र विश्वव्यापी रूपमा बुझ्न तथा तुलना गर्न सकिने उल्लेख गर्नुहुँदै यसलाई अनिवार्य रूपमा लागू गर्नुपर्ने भएको हुँदा आवश्यक छलफल मार्फत तयारी गर्न निर्देशन दिनुभयो ।

कार्यक्रममा कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले यस आर्थिक वर्षदेखि "ख" र "ग" वर्गका वित्तीय संस्थाहरूले NFRS बमोजिम वित्तीय विवरण तयार गर्नुपर्ने र विभागबाट आयोजित यस अन्तरक्रिया कार्यक्रमले ती संस्थाहरूबाट भैरहेको तयारीमा थप सहयोग पुग्ने विश्वास व्यक्त गर्दै कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउने सबैलाई धन्यबाद ज्ञापन गर्नुभएको थियो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारी, विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक भुवन कडेल, वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक सुनिल उदास, NFRS Implementation Committee का सदस्यहरू तथा नेपाल बैकर्स संघका अध्यक्ष ज्ञानेन्द्र प्रसाद ढुङ्गाना समेतको उपस्थिति रहेको उक्त कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले Issues on Approval of NFRS Financial Statements विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सहायक निर्देशक जगदीशकुमारले NFRS Implementation-Main Issues to Consider विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । अन्तरक्रियामा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ NFRS Implementation Committee का सदस्य जगन्नाथ निरौला तथा सहायक निर्देशक जगदीशकुमारले दिनुभएको थियो ।

कार्यक्रममा निर्देशक बमबहादुर मिश्रले अन्तरक्रिया कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो । आयोजक विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग तथा "ख" र "ग" वर्गका वित्तीय संस्थाहरूका प्रमुख कार्यकारी अधिकृतहरू समेत ८४ जनाको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन उप-निर्देशक केशवप्रसाद तिमिल्सिनाले गर्नुभएको थियो ।

## बैंक खाता अभियान...

व्यवस्था रहेकोमा सो निर्देशनको खण्ड (क) मा नयाँ बुँदा नं. (६) थप गरी "खोलौं बैंक खाता अभियान, २०७६ अन्तर्गत खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाका तर्फबाट जम्मा गरिएको प्रति खाता रु. १०० (एक सय) सम्मको खर्च रकम" समेत संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट खर्च व्यहोर्न सक्ने व्यवस्था थप गरेको छ ।

यसै गरी, इ.प्रा. निर्देशन नं. १९/०७५ मा नयाँ बुँदा नं. ७ क. थप गरिएको छ। थप व्यवस्था अनुसार "खोलौं बैंक खाता अभियान, २०७६" अन्तर्गत खोलिने खाताको ग्राहक पहिचान तथा सम्पुष्टिलाई थप सरलीकृत बनाइएको छ। यस व्यवस्था अन्तर्गत खोलिने बैंक खाताका लागि सरलीकृत खाता खोल्ने फाराम प्रयोग गर्नुका साथै खाता खोल्दा ग्राहकको बैंक खाता नभएको स्वघोषणा लिनुपर्ने व्यवस्था गरेको छ । साथै, ग्राहक पहिचान तथा सम्पुष्टि गर्दा नागरिकताको प्रमाणपत्र वा राहदानी वा फोटो सहितको मतदाता परिचयपत्र वा राष्ट्रिय परिचयपत्र वा सवारी चालक अनुमतिपत्र वा कुनै सरकारी निकायले जारी गरेको फोटो सहितको परिचयपत्र वा सम्बन्धित स्थानीय तहले प्रमाणित गरी उपलब्ध गराएको फोटो सहितको सिफारिसको आधारमा सम्पुष्टि गर्नुपर्ने रहेको छ । यस व्यवस्था अन्तर्गत खोलिएका खाताको अधिकतम वार्षिक कारोबारको सीमा रु. १ लाखसम्म हुने तथा रु. १ लाखभन्दा बढीको कारोबार भएमा अन्य ग्राहक सरह विद्यमान व्यवस्था अनुसार नै ग्राहक पहिचान तथा सम्पुष्टि गर्नुपर्ने निर्देशनमा उल्लेख भएको छ । साथै, यस्ता खातामा बैंक तथा वित्तीय संस्थाले आफ्नो तर्फबाट प्रति खाता रु. १०० (एक सय) जम्मा गर्न सक्ने व्यवस्था गरिएको छ ।



# वीरगञ्जमा आर्थिक गतिविधि अध्ययन तथा तथ्याङ्क सङ्कलन गोष्ठी

नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयले २०७५ चैत २७ गते पर्सा जिल्लाको वीरगञ्जमा उद्योग वाणिज्य संघ-पर्साका अध्यक्ष सुवोध गुप्ताको प्रमुख आतिथ्यमा आर्थिक गतिविधि अध्ययन तथा तथ्याङ्क संकलन सम्बन्धमा पर्सा र बारा जिल्लाका सरोकारवाला संघसंस्थाहरूसँग अन्तरक्रियात्मक गोष्ठी सम्पन्न गऱ्यो ।

कार्यालयका निर्देशक राजनविक्रम थापाको सभापतित्वमा सञ्चालित उक्त गोष्ठीमा कार्यालयका सहायक निर्देशक अनिल लामाले आर्थिक गतिविधि अध्ययन तथा तथ्याङ्क संकलनका विविध पक्षहरू समेटी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा हालको संघीय संरचनामा आर्थिक गतिविधि अध्ययनका क्रममा देखिएका समस्याहरूका बारेमा छलफल हुनुका साथै उक्त अध्ययनलाई अझ प्रभावकारी र यथार्थपरक बनाउन सम्बन्धित सरोकारवाला निकायहरूबाट आवश्यक राय सुझाव संकलन गर्ने कार्य पनि भएको थियो । छलफलका क्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ निर्देशक थापाले दिनुभएको थियो ।



कार्यक्रमका प्रमुख अतिथि सुवोध गुप्ताले वास्तविक तथ्याङ्कको विश्लेषणबाट मात्र उपयुक्त नीतिहरू बन्न सक्ने धारणा राख्दै सबै उद्योगहरूले वास्तविक तथ्याङ्क उपलब्ध गराएर सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

पर्सा र बारा जिल्लाका तथ्याङ्क प्रदायक सरकारी कार्यालयहरू, स्वास्थ्य तथा शिक्षण संस्थाहरू, उद्योगका प्रतिनिधि, होटल वाणिज्य संघका प्रतिनिधि र अन्य संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त गोष्ठीमा कार्यालयका का.मु उप-निर्देशक चाँदनी गुप्ताले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने सहायक सन्तोषकुमार तामाङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# तथ्याङ्क सङ्कलनसँग सम्बन्धित सरोकारवाला संस्थाहरूसँग एक दिने गोष्ठी

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयको वार्षिक कार्ययोजना अनुसार मिति २०७५ चैत २२ गते स्याङ्जा जिल्लाको पुतलीबजार नगरपालिका वडा नं. १, स्याङ्जा बजार स्थित जिल्ला समन्वय समितिको सभाहलमा "तथ्याङ्क संकलनसँग सम्बन्धित सरोकारवाला संस्थाहरूसँग एक दिने गोष्ठी" सम्पन्न भयो । पुतलीबजार नगरपालिकाका उप-प्रमुख महेश पुरीको प्रमुख आतिथ्य र नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका निर्देशक पोमनाथ गौतमको संयोजकत्वमा सञ्चालित उक्त कार्यक्रममा नेपाल सरकारका विभिन्न सरकारी कार्यालयका प्रमुख तथा सम्बन्धित कर्मचारीहरू, स्थानीय निकायका (गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति) प्रशासकीय प्रमुख तथा सम्बन्धित कर्मचारीहरू, विभिन्न क्याम्पसका क्याम्पस प्रमुख तथा सम्बन्धित कर्मचारी, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरू र पत्रकारहरू सहित करिब ६० जनाको सहभागिता रहेको थियो ।



कार्यक्रमको बारेमा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै कार्यक्रमका संयोजक तथा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका निर्देशक गौतमले नेपाल राष्ट्र बैंक, नेपाल सरकारको आर्थिक सल्लाहकार र मौद्रिक नीति निर्माता समेत भएकाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ र दफा ६९ को उपदफा ४ अनुसार यस बैकले कृषि, पशुपालन, उद्योग, व्यापार, सेवा, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, विप्रेषण आदि विषयमा विश्लेषण सहितको प्रतिवेदन (वार्षिक तथा अर्धवार्षिक) नियमित प्रकाशन तथा प्रसारण गर्ने र तत्सम्बन्धी तथ्याङ्क/सूचना नेपाल सरकार समक्ष पेश गर्ने गरेको व्यहोरा जानकारी गराउनुभयो । साथै, सही तथ्याङ्कले एउटा निश्चित अवधिको विगत र वर्तमानको तुलनात्मक वास्तविक स्थितिको चित्रण हुने र भावी दिनहरूको परिदृश्य बताउन सकिने हुँदा सही तथ्याङ्कको आवश्यकता, त्यसको महत्व र औचित्यताका बारेमा पनि प्रकाश पार्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि श्री महेश पुरीले वास्तविक तथ्याङ्कबाट विगतको अवस्थाको आधारमा भविष्यको मार्ग चित्रण गर्ने हुँदा त्यसको महत्व उच्च रहेको बताउँदै सम्पूर्ण सरोकारवाला संस्थाहरूसँग वास्तविक तथ्याङ्क उपलब्ध गराउन अनुरोध गर्नुभयो ।

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका उप-निर्देशक श्री बसन्तबहादुर थापाले तथ्याङ्क संकलनसँग सम्बन्धित सरोकारवाला संस्थाहरूसँगको गोष्ठीको आवश्यकता, औचित्य र उपादेयता माथि संक्षिप्त प्रकाश पार्दै उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत गर्नुभएको थियो । उक्त कार्यक्रमलाई का.मु सहायक निर्देशक विजया गौतमले सञ्चालन गर्नुभएको थियो ।

# बिर्तामोड तथा इटहरीमा आर्थिक तथा बैंकिङ तथ्याङ्क सङ्कलन सम्बन्धी गोष्ठी



नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले २०७५ चैत ११ मा "आर्थिक तथा बैकिङ्ग तथ्याङ्क संकलन सम्बन्धी गोष्ठी" विषयक कार्यक्रम ईटहरी स्थित त्रियुगा होटलको सभाहलमा आयोजना गरेको थियो । उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका १ नं. प्रदेश प्रमुखहरू, उद्योगपति, व्यापारी, सरकारी कार्यालयका सम्बन्धित कार्यमा सलंग्न कर्मचारी गरी ६० जनाको सक्रिय सहभागिता रहेको थियो । नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रमको पहिलो सत्रमा उप-निर्देशक सृजना वास्तोलाले आर्थिक तथा बैकिङ तथ्याङ्क संकलन सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने दोस्रो सत्रमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, अनुभव, समस्या एवम् सुझाव आदानप्रदान गरिएको थियो । सो कार्यक्रममा स्वागत मन्तव्य सहायक निर्देशक सुनिल कोईरालाले दिनु भएको थियो भने कार्यक्रम सञ्चालन प्रधान सहायक नवदीप साहले गर्नुभएको थियो ।

यसै गरी, नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले २०७५ चैत १७ गते झापाको बिर्तामोडमा आर्थिक तथा बैंकिङ्ग तथ्याङ्क संकलन सम्बन्धी १ दिने गोष्ठी सम्पन्न गऱ्यो । नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यको सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा बैंक तथा वित्तीय संस्थाका शाखा प्रबन्धक, सरकारी कार्यालयका पदाधिकारी, उद्योगी व्यवसायी र पत्रकारहरूको उल्लेख्य उपस्थिति थियो । एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दिनेशकुमार पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त गोष्ठीमा नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयका उप-निर्देशक सृजना बास्तोलाले आर्थिक गतिविधि अध्ययन तथा तथ्याङ्क संकलन सम्बन्धी



कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा उठेका जिज्ञासा तथा सुझावहरूको सम्बोधन निर्देशक विनोदराज आचार्य र उप-निर्देशक सृजना बास्तोलाले गर्नुभएको थियो ।

# भरतपुरमा आर्थिक गतिविधि अध्ययन सम्बन्धी अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयले २०७५ चैत १ गते चितवन जिल्लाको भरतपुरमा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सहनलाल प्रधानको प्रमुख आतिथ्यमा आर्थिक गतिविधि अध्ययन सम्बन्धी तथ्याङ्क संकलन सम्बन्धमा सरोकारवाला संघसंस्थाहरूसँग अन्तरक्रियात्मक गोष्ठी कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यालयका निर्देशक राजनविक्रम थापाको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा कार्यालयका सहायक निर्देशक अनिल लामाले आर्थिक गतिविधि अध्ययन सम्बन्धी विषयमा वार्ता प्रस्तुत गर्नुभयो । कार्यक्रममा नयाँ संघीय संरचनामा आर्थिक गतिविधि अध्ययनमा देखिएका समस्याहरूका बारेमा छलफल हुनुका साथै उक्त अध्ययनलाई अझ प्रभावकारी र यथार्थपरक बनाउन सम्बन्धित सरोकारवाला निकायहरूबाट आवश्यक राय सुझाव संकलन गर्ने कार्य पनि भएको थियो । छलफलका क्रममा सहभागीहरूले राखेका जिज्ञासाको जवाफ निर्देशक थापाले दिनुभएको थियो ।

सो अवसरमा प्रमुख अतिथि सहनलाल प्रधानले सत्य एवम् वास्तविक तथ्याङ्कको विश्लेषणबाट मात्र उपयुक्त नीतिहरू बन्ने र सोको प्रभावकारी कार्यान्वयनबाट देश आर्थिक विकासको पथमा अघि बढ्न सक्ने धारणा राख्नुभयो ।

चितवन जिल्लाका तथ्याङ्क उपलब्ध गराउने सरकारी कार्यालयहरू, स्वास्थ्य तथा शिक्षण संस्थाहरू, उद्योगका प्रतिनिधिहरू, होटल वाणिज्य संघका प्रतिनिधिहरू र अन्य संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन प्रधान सहायक वीरबहादुर जैसवालले गर्नुभएको थियो ।



# अनुशिक्षण कार्यक्रम सम्पन्न



नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागले लघुवित्त वित्तीय संस्थाहरूलाई दिने निर्देशनहरूमा एकरूपता कायम गर्ने उद्देश्यले २०७५ फागुन १७ गते शुक्रबारका दिन विभागका कर्मचारीहरूको सहभागितामा अनुशिक्षण कार्यक्रम काठमाडौंमा सम्पन्न गरेको छ । कार्यक्रमलाई सम्बोधन गर्दै कार्यकारी निर्देशक जनकबहादुर अधिकारीले विभागका सबै कर्मचारीले लघुवित्त वित्तीय संस्था अन्य बैंक तथा वित्तीय संस्थाभन्दा पृथक रहेको पक्षलाई दृष्टिगत गर्दै लघुवित्त संस्थाहरूको सर्वप्रथम प्रवर्द्धन र त्यसपछि मात्र सुपरिवेक्षणको अभिभारा पूरा गर्नुपर्ने बताउनुभयो । उहाँले लघुवित्त संस्थाहरूको सुपरिवेक्षणको क्रममा विभागका कर्मचारीलाई उच्च मनोबलका साथ सुपरिवेक्षकीय निष्ठामा रही बैंकबाट जारी गरिएको निर्देशन र प्रचलित अन्य नियम तथा कानुनको पालना गराउने क्रममा आवश्यकता अनुसार व्यवहारिक हुनुपर्नेतर्फ सजग रहनुपर्ने बताउनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै निर्देशक दयाराम शर्मा पंगेनीले विभागका कर्मचारीले अझ बढी लगनशीलताकासाथ सुपरिवेक्षकीय क्षमताको अभिवृद्धिमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले पछिल्लो समयमा लघुवित्त वित्तीय संस्थाहरूको संख्या वृद्धिसँगै स्वतः नयाँ खालका चुनौतीहरू थपिएकाले बैंकको समग्र सुपरिवेक्षणको अभ्यास र त्यसका विविध पक्षलाई विशेष ख्याल राख्न आग्रह गर्नुभयो ।

कार्यक्रममा विभागका का.मु. निर्देशक शैलेन्द्र रेग्मीले समष्टीगत स्थलगत निरीक्षणको पूर्वतयारी सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उपनिर्देशकहरू क्रमशः थानेश्वर आचार्य, राजेन्द्रप्रसाद रिमाल, लुमाकान्त भट्टराई र वशिष्ठ अधिकारी तथा सहायक निर्देशक ईश्वर पन्तले आफू अन्तर्गतका ईकाईले सम्पन्न गर्दै आएको कार्यहरूको समग्र पक्षमा जानकारी गराउनुभएको थियो ।

# स्याङ्जामा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयको आयोजनामा २०७५ चैत १७ गते स्याङ्जा जिल्लाको आँधिखोला गाउँपालिका वडा नं. १ पञ्चमुलस्थित श्री त्रि–शहिद नमूना माध्यमिक विद्यालयको भवनमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भयो । आँधिखोला गाउँपालिका वडा नं. १ का वडाध्यक्ष श्री लोकप्रसाद ढकालको प्रमुख आतिथ्य र नेपाल राष्ट्र बैंक पोखरा कार्यालयका निर्देशक श्री पोमनाथ गौतमको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा सोही विद्यालयका शिक्षक तथा विद्यार्थीहरू, विभिन्न सहकारी संस्था, आमा समूह, युवा क्लव, सुरक्षा निकायका प्रतिनिधिहरू र पत्रकारहरू सहित करिब ६५ जनाको सहभागिता रहेको थियो ।

वित्तीय चेतना अभिवृद्धि कार्यक्रमको बारेमा प्रकाश पर्दै कार्यक्रमका सभापति तथा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयका निर्देशक गौतमले वित्तीय चेतना अन्तर्गत बचत गर्ने बानीको विकास, लगानीको अवसर, नोटको पहिचान तथा हिफाजत, बैंक तथा वित्तीय संस्थाहरूको आवश्यकता र उपस्थिति, शोधानान्तरको स्थिति, बाह्य विप्रेषण आदिजस्ता विषयवस्तुसँग सम्बन्धित नीतिगत व्यवस्था लगायत आर्थिक तथा समसामयिक विषयवस्तुहरूको बारेमा बताउनुका साथै सहभागीहरूले राखेका जिज्ञासाहरूको जवाफ पनि दिनुभएको थियो । प्रमुख अतिथि वडाध्यक्ष लोकप्रसाद ढकालले पनि यस क्षेत्रमा बैंक तथा वित्तीय संस्था नभएकोले सर्वसाधारणले दुःख पाएको बताउँदै वित्तीय संस्थाहरूको उपस्थिति गराउन माग समेत गर्नुभएको थियो । त्यस्तै, सोही विद्यालयका निमित्त प्रधानाध्यापक श्री जयप्रसाद चापागाईले पनि यस कार्यक्रमबाट अझै नयाँ कुराहरू सिक्न पाएकोमा खुशी व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिन आग्रह गर्नुभएको थियो ।



# सिद्धार्थनगर कार्यालयमा एक दिने योग शिविर सम्पन्न

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले संस्थामा कार्यरत कर्मचारीहरूको तनाव कम गरी कार्य क्षमता अभिवृद्धि गर्न "एक दिने योग शिविर-२०७५" विषयक कार्यक्रम २०७५ चैत २ गते शनिबार सम्पन्न गर्‍यो । सिद्धार्थनगर कार्यालयमा कार्यरत कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा निर्देशक अशोककुमार पौडेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो । उहाँले यस किसिमका कार्यक्रमबाट कर्मचारीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पर्नुका साथै क्षमता अभिवृद्धिमा समेत सहयोग पुग्ने धारणा राख्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने कुरामा जोड दिनुभएको थियो ।

तीनवटा सत्रमा विभाजन गरिएको उक्त कार्यक्रमको पहिलो सत्रमा पतञ्जली योगपीठका प्रशिक्षक गिरीजेश शरण चौधरीले योग प्रशिक्षण गराउनुभएको थियो । उक्त सत्रमा प्रशिक्षक चौधरीले सबै सहभागीहरूलाई योगासन, प्रणायाम र शुक्ष्म व्यायामहरूको अभ्यास गराउँदै दैनिक यस्तो अभ्यास गर्दा मानिसको शारीरिक, मानसिक र आध्यात्मिक विकास हुने बताउनुभएको थियो ।

कार्यक्रमको दोस्रो र तेस्रो सत्रमा ओशो तपोवनका प्रशिक्षक एवम् त्रिभुवन विश्वविद्यालय पुल्चोक इन्जिनियरिङ्ग क्याम्पसका प्राध्यापक खेम डल्लाकोटी (स्वामी प्रेम सुन्दर) ले प्रशिक्षण गर्नुभएको थियो । दोस्रो सत्रमा सक्रिय ध्यानको अभ्यास गराइएको थियो भने तेस्रो सत्रमा तनाव व्यवस्थापन अन्तर्गत मानव विचार व्यवस्थापनको बारेमा प्रशिक्षण प्रदान गरिएको थियो । कार्यक्रममा करिब ४५ जना सहभागीहरूको उपस्थिति रहेको थियो ।



## विदेशी विनिमय .....

Tracking System (ECTS) लगाई ढुवानी गर्न आयातकर्ताहरूले कोलकाता बन्दरगाहमा कुनै कागजातहरू पेश गर्नु नपर्ने व्यवस्था नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत भएको हुँदा वाणिज्य बैंकहरूले L/C खोल्दा, Draft/TT पठाउँदा तथा DAP/DAA मार्फत् सामान आयात गर्दा रेलमा आउने consignments को गन्तव्यबिन्दु वीरगञ्ज वा विराटनगर हुने गरी मिलाउनुपर्ने नीतिगत व्यवस्था गरिएको छ ।

यस अघि ट्रक वा रेलमार्ग मार्फत् नेपाल सरकार अन्तर्गतका विभिन्न कार्यालय, आयोजना तथा सरकारी संस्थानहरूले आयात गर्ने सामान बाहेक अन्य आयातकर्ताहरूले तेस्रो मुलुकबाट भारतको कोलकाता/हल्दिया बन्दरगाह हुँदै आयात गरिने सम्पूर्ण वस्तुहरू मेची भन्सार, विराटनगर भन्सार, बीरगञ्ज भन्सार, भैरहवा भन्सार, नेपालगञ्ज भन्सार, धनगढी भन्सार र वीरगञ्ज सुख्खा बन्दरगाह भन्सार नाकाहरूबाट नेपाल भित्र्याउनुपर्ने व्यवस्था थियो ।

### आयात प्रतीतपत्र खोल्दा आयातकर्ताको Exim Code आवश्यक

आयातकर्ताले आयात प्रतीतपत्र खोल्नु पूर्व सम्बन्धित बैंकले तोकेअनुसारको प्रतीतपत्र खोल्ने निवेदनसँग संलग्न गरेको Proforma Invoice, Indent वा Contract Paper मा आयातकर्ता तथा निर्यातकर्ताको नाम, ठेगाना, इमेल, टेलिफोन र आयातकर्ताको Exim Code स्पष्ट रूपमा खुलेका कागजातहरू संलग्न गर्नुपर्ने व्यवस्था गरिएको छ । यसअघि आयातकर्ता तथा निर्यातकर्ताको नाम, ठेगाना र टेलिफोन संलग्न गर्नुपर्ने व्यवस्था थियो ।

# टेबलटेनिस प्रतियोगितामा नेपाल राष्ट्र बैंक प्रथम

यस बैंकका सहायक निर्देशक श्री जयन्ती पौडेल चापागाई National Institute of Banking & Finance द्वारा April 4-5, 2019 मा पाकिस्तानको इस्लामाबादमा आयोजित 49th International Central Banking Course / 46th International Commercial Banking Course को टेबल टेनिस महिला सिङ्गल In-House Sports Competition मा प्रथम हुनुभएको थियो । उहाँलाई नेपाल राष्ट्र बैंक समाचार बधाई ज्ञापन गर्दछ ।

# विद्युतीय हाजिरी व्यवस्थापन सम्बन्धमा

जनशक्ति व्यवस्थापन विभागले २०७५ चैत २८ गते एक परिपत्र जारी गरी बैंकको जनशक्ति व्यवस्थापनसँग सम्बन्धित अभिलेखहरूको लागि प्रयोगमा रहेको HRMIS SOFTWARE को सट्टामा नयाँ HRIS कार्यान्वयन गर्ने सम्बन्धमा २०७६ साल बैशाख १ गतेदेखि नयाँ HRIS का माध्यमबाट Leave and Attendance Module लागू गर्ने तथा अन्य Module हरू समेत क्रमशः लागू गर्दै जाने सन्दर्भमा नीतिगत व्यवस्था गरेको छ ।

# शपथ ग्रहण

नेपाल राष्ट्र बैंक, बिराटनगर कार्यालयका निर्देशक विनोदराज आचार्यले २०७५ चैत्र १० गते मितेरी डेभलपमेन्ट बैंक लिमिटेडको संचालक समितिका नवनियुक्त अध्यक्ष श्री किसन मास्केलाई पद तथा



गोपनियताको शपथ ग्रहण गराउनुभयो। सोही अवसरमा निर्देशक आचार्यको रोहवरमा अध्यक्ष मास्केले सञ्चालक समितिका अन्य सदस्यहरू श्री गम्भीरमान तण्डुकार तथा सुनिल श्रेष्ठलाई समेत पद तथा गोपनियताको शपथ ग्रहण गराउनुभयो।

त्यसै गरी, निर्देशक आचार्यले एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड, बिर्तामोड, झापाको सञ्चालक समितिका नवनियुक्त अध्यक्ष श्री महेन्द्रकुमार गोयललाई २०७५ चैत १२ गते पद तथा गोपनियताको शपथ ग्रहण गराउनुभयो। सोही अवसरमा निर्देशक आचार्यको रोहवरमा अध्यक्ष गोयलले सञ्चालक समितिका सदस्य श्री राजन शर्मालाई समेत पद तथा गोपनियताको शपथ ग्रहण गराउनुभयो।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२७ को उपदफा (२) बमोजिम संस्थाका सञ्चालक समितिका अध्यक्षले राष्ट्र बैंक समक्ष पद तथा गोपनियताको शपथ लिनुपर्ने व्यवस्था रहेको छ।




# ज्ञान आदानप्रदान कार्यक्रम

मिति २०७६ चैत २८ गते गभर्नरको कार्यालयले ज्ञान आदानप्रदान (Knowledge Sharing) कार्यक्रम आयोजनमा गऱ्यो। उक्त कार्यक्रममा भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले 'Payment System of Nepal' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमा कार्यकारी निर्देशक ढकालले भुक्तानी प्रणालीको परिचय तथा विशेषता, यससँग सम्बन्धित अन्तर्निहित जोखिम, हालसम्म नेपालमा भएको प्रगति, अन्तर्राष्ट्रिय अभ्यास, भुक्तानी प्रणालीलाई सबल बनाउन आवश्यक पूर्वाधार जस्तै National Payment Switch, Real time Gross settlement (RTGS), विद्यमान कानुनी प्रावधान तथा आगामी दिनको कार्यदिशाजस्ता विषय समेट्नुभएको थियो। कार्यक्रमको प्रमुख अतिथिको रूपमा बोल्दै यस कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले देशको भुक्तानी प्रणाली विषयमा विस्तृत तथा रोचक प्रस्तुतिका लागि प्रस्तोतालाई धन्यवाद दिनुका साथै यस्ता कार्यक्रमका माध्यमबाट कर्मचारीले आफ्नो ज्ञानको दायरालाई फराकिलो बनाउँदै जानुपर्ने विषयमा जोड दिनुभयो। कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक भुवन कँडेल लगायत विभिन्न विभागका अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको थियो। कार्यक्रम सञ्चालन यस कार्यालयका निर्देशक भीष्मप्रसाद उप्रेतीले गर्नुभएको थियो।

# नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयले २०७५ चैत ५ गते कार्यालयको सभाहलमा आर्थिक वर्ष २०७५/७६ को तेस्रो त्रयमासको ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यालयका कायम मुकायम निर्देशक बद्रीप्रसाद खकुरेलको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा धनगढी कार्यालयका सहायक



निर्देशक द्रोणबहादुर सिंहले "Capital Requirement, Regulation and Bank Behavior" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। पूँजी पर्याप्तता, नियमन र नियमनले बैंक तथा वित्तीय संस्थाको जोखिम अभ्यासमा पार्ने प्रभावहरू एवम् नेपालको बैंकिङ क्षेत्रसँगको सान्दर्भिकतामाथि कार्यपत्र केन्द्रीत रहेको थियो। का.मु.निर्देशक खकुरेलले ज्ञान आदानप्रदान कार्यक्रममा प्रस्तुत गरिएको विषयलाई नेपालका बैक तथा वित्तीय संस्थाहरूको सन्दर्भमा थप प्रष्ट पार्दै समापन गर्नुभएको थियो। कार्यालयका अधिकृत तथा कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रम सञ्चालन का.मु. सहायक निर्देशक डम्बर दत्त भट्टले गर्नुभएको थियो।

# वैदेशिक तालिममा सहभागिता

मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मी प्रपन्न निरौला Deutsche Bundesbank ले Germany मा २०१९ मार्च १८ देखि २० सम्म आयोजना गरेको Expert Panel on Current Challenges for Cash Management सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो। बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ IBFI ले France मा २०१९ मार्च १९ देखि २२ सम्म आयोजना गरेको Assessment of Corporate Credit Risk in a Central Banks विषयको कार्यक्रममा सहभागी हुनुभयो । विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भीष्मराज ढुंगाना BIS ले Switzerland मा २०१९ मार्च १८ देखि २२ सम्म आयोजना गरेको Reserve Management सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो । राष्ट्र ऋण व्यवस्थापन विभागका कार्यकारी निर्देशक नरबहादुर थापा IMF ले Cambodia मा २०१९ मार्च २१ देखि २२ सम्म आयोजना गरेको JSA Funded IMF Technical Assistance to Promote Financial Stability in the Asia Pacific Region विषयक कार्यक्रममा सहभागी हुनुभयो। उक्त कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक बिमलराज खनाल पनि सहभागी हुनुहुन्थ्यो। संस्थागत योजना विभागका कार्यकारी निर्देशक प्रदीपराज पौड्याल Deutsche Bundesbank ले Germany मा २०१९ मार्च २५ देखि २७ सम्म आयोजना गरेको Strategic Planning विषयक कार्यक्रममा सहभागी हुनुभयो । लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारी Bank Indonesia ले Indonesia मा २०१९ मार्च २५ देखि २९ सम्म आयोजना गरेको Financial Crisis Management विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक रामबहादुर मानन्धर पनि सहभागी हुनुहुन्थ्यो। बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेल AFI ले Zambia मा २०१९ अप्रिल १ देखि ४ सम्म आयोजना गरेको 14th Financial Inclusion Strategy Peer Learning Group विषयक कार्यक्रममा सहभागी हुनुभयो।

त्यसै गरी, गभर्नर कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिला SAARC Finance ले Bhutan मा २०१९ मार्च २२ देखि २३ सम्म आयोजना गरेको 29th SAARCFINANCE Coordinators Meeting मा सहभागी हुनुभयो । जनकपुर कार्यालयका निर्देशक नरेश शाक्य SEACEN ले Malaysia मा २०१९ मार्च २५ देखि २८ सम्म आयोजना गरेको On-site examination विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा उपनिर्देशकहरू विराटनगर कार्यालयका लक्ष्मी प्रसाद तिम्सिना र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका नारद कुमार पिया तथा बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक सुदिप त्रिपाठी पनि सहभागी हुनुभयो। धनगढी कार्यालयका निर्देशक किरण पण्डित ISCB ले Turkey मा २०१९ मार्च २५ देखि २८ सम्म आयोजना गरेको Corporate Use of Derivatives & Implications for Emerging Market of Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका निर्देशक डिल्लीराम पोखरेल IBFI ले France मा २०१९ मार्च २५ देखि २७ सम्म आयोजना गरेको International Economics & International Relations विषयक कार्यक्रममा सहभागी हुनुभयो। बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक मुक्तिनाथ सापकोटा SEACEN ले Philippines मा २०१९ मार्च २५ देखि २८ सम्म आयोजना गरेको Developing a Leadership Competency Framework विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका उप-निर्देशक इन्द्रा चाम्लागाई (मैनाली) पनि सहभागी हुनुभएको थियो । आन्तरिक लेखापरीक्षण विभागका निर्देशक मीना पाण्डे State Bank of Pakistan ले Pakistan मा २०१९ मार्च २७ देखि २९ सम्म आयोजना गरेको Internal Audit: Emerging Challenges and Effective Practices विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा सोही विभागका सहायक निर्देशक सुदिपकुमार न्यौपाने पनि सहभागी हुनुहुन्थ्यो । सामान्य सेवा विभागका निर्देशक डिलाराम सुवेदी India मा २०१९ मार्च २४ देखि २७ सम्म आयोजना भएको Factory Visit for Strong Room and Security System विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा सामान्य सेवा विभागका उप-निर्देशकहरू विनोदराज लेखक र मनोहर बस्नेत पनि सहभागी हुनुहुन्थ्यो। वित्त कम्पनी सुपरिवेक्षण विभागका निर्देशक रविन्द्र महर्जन BIS ले South Korea मा २०१९ अप्रिल ९ देखि ११ सम्म आयोजना गरेको Interest rate risk in the banking book and market risk विषयक कार्यक्रममा सहभागी हुनुभयो। उक्त कार्यक्रममा उप-निर्देशकहरू बैंक सुपरिवेक्षण विभागका टिकाराम खतिवडा र विकास बैंक सुपरिवेक्षण विभागका कमल प्रकाश कालाथोकी पनि सहभागी हुनुभएको थियो।

वित्त कम्पनी सुपरिवेक्षण विभागका उप-निर्देशक प्रतिभा अधिकारी र बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक दिपेश प्रधान IMF-STI ले Singapore मा २०१९ मार्च १८ देखि २२ सम्म आयोजना गरेको Selected Issues in the Evolving Financial Regulatory Framework विषयक कार्यक्रममा सहभागी हुनुभयो।

पोखरा कार्यालयका उप-निर्देशक राम कुमार कार्की Bank of Korea ले Korea मा २०१९ मार्च १९ देखि २२ सम्म आयोजना गरेको Foreign Reserve management विषयक कार्यक्रममा सहभागी हुनुभयो। उक्त कार्यक्रममा सहायक निर्देशकहरू विदेशी विनिमय व्यवस्थापन विभागका पुष्करराज भट्टराई तथा कानुन महाशाखाका हेमराज अधिकारी पनि सहभागी हुनुहुन्थ्यो ।

सूचना प्रविधि विभागका उप-निर्देशक (सु.प्र) तरुणकुमार झा र सहायक निर्देशक (सु.प्र) दिपेशकुमार श्रेष्ठ Cloud Fest ले २०१९ मार्च २५ देखि २९ सम्म Germany मा आयोजना गरेको Cloud Fest विषयक कार्यक्रममा सहभागी हुनुभयो।

जनशक्ति व्यवस्थापन विभागका उप-निर्देशक जीवनप्रकाश पाण्डेय ISCB ले Turkey मा २०१९ अप्रिल १ देखि ४ सम्म आयोजना गरेको Internal Audit Practices at Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो।

संस्थागत योजना विभागका उप-निर्देशक इश्वरीप्रसाद भट्टराई Deutsche

Bundesbank ले Germany मा २०१९ अप्रिल १ देखि ४ सम्म आयोजना गरेको Audit Support and Compliance Functions at a Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक यज्ञ श्रेष्ठ, सोही विभागका सहायक निर्देशकहरू सत्येन्द्रमणि त्रिपाठी, गोविन्दप्रसाद भण्डारी र वित्त कम्पनी सुपरिवेक्षण विभागका खिलनाथ दहाल र गभर्नरको कार्यालयका सहायक निर्देशक जितेन्द्रनारायण श्रेष्ठ IMF-SARTTAC ले २०१९ अप्रिल १ देखि ५ सम्म भारतमा आयोजना गरेको Core Elements of Banking Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वित्तीय जानकारी ईकाइका उप-निर्देशक (सु.प्र) कृष्णराम धुँजु Deutsche Bundesbank ले Germany मा २०१९ अप्रिल ३ देखि ५ सम्म आयोजना गरेको Machine Learning Artificial Intelligence and Big Data –The Perspective of Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

उप-निर्देशकहरू वीरगञ्ज कार्यालयका सुरेश सिवाकोटी, जनकपुर कार्यालयका मेदनीप्रसाद पोखरेल तथा सामान्य सेवा विभागका उप-निर्देशक (फार्मेसी) पुष्पराज खकुरेल, SEACEN ले Malaysia मा २०१९ अप्रिल ७ देखि १२ सम्म आयोजना गरेको SEACEN Springboard Leadership Course विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा वित्त व्यवस्थापन विभागका सहायक निर्देशक नवराज सुनुवार पनि सहभागी हुनुभएको थियो ।

अनुसन्धान विभागका उप-निर्देशक सुशिल पौडेल ISCB ले Germany मा २०१९ अप्रिल ८ देखि १० सम्म आयोजना गरेको Sectorial Financial Accounts विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक तथा वितीय संस्था नियमन विभागका उप-निर्देशक केदारप्रसाद पोखरेल Deutsche Bundesbank ले २०१९ अप्रिल ८ देखि १२ सम्म जर्मनीमा आयोजना गरेको Accounting for Banking Supervisors विषयक कार्यक्रममा सहभागी हुनुभयो । जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशक मोहन पुडासैनी Deutsche Bundesbank ले २०१९ मार्च २५ देखि २९ सम्म Germany मा आयोजना गरेको Financial Stability, Systematic Risk and Macroprudential Policy विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंकिङ कार्यालयका सहायक निर्देशक आकृती के.सी. IMF-STI ले २०१९ मार्च २५ देखि अप्रिल ५ सम्म Singapore मा आयोजना गरेको Government Finance Statistics विषयक कार्यक्रममा सहभागी हुनुभयो । सहायक निर्देशकहरू वित्त व्यवस्थापन विभागका जयन्ती चापागाई र राष्ट्र ऋण व्यवस्थापन विभागका नन्दु देवी रेग्मी State Bank of Pakistan ले २०१९ मार्च २५ देखि अप्रिल १२ सम्म पाकिस्तानमा आयोजना गरेको International Central Banking विषयक कार्यक्रममा सहभागी हुनुभयो । सहायक निर्देशकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका पृथु शर्मा विनाडी र अनुसन्धान विभागका संजयकुमार मिश्र Bank Indonesia ले २०१९ अप्रिल ८ देखि १२ सम्म Indonesia मा आयोजना गरेको Central Bank Policy Mix विषयक कार्यक्रममा सहभागी हुनुभयो । सहायक निर्देशकहरू सामान्य सेवा विभागका हरिशचन्द्र ढकाल र सजन ढकाल National Bank of Ukraine ले २०१९ अप्रिल १६ देखि १७ सम्म Ukraine मा आयोजना गरेको Roundtable on Public Procurement विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

## अनिवार्य अवकाश

मुद्रा व्यवस्थापन विभागका निर्देशक प्रल्हाद थापा तथा सहायक अर्जुनप्रसाद कंडेलले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार ५८ वर्ष उमेर हदका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ । साथै, बैंकिङ कार्यालयका उप-निर्देशक लक्ष्मण सिंह बोहरा र उप-सहायक (अ.मा.) टेकराज भण्डारी, विदेशी विनिमय व्यवस्थापन विभागका उप-निर्देशक शारदा भट्ट पौड्याल तथा पोखरा कार्यालयका का.स. प्रथम मनबहादुर थापा सोही विनियमावलीमा भएको व्यवस्था अनुसार ३० वर्ष सेवा अवधिका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ ।

## सरुवा

निर्देशकहरू जनकपुर कार्यालयका नरेश शाक्य बैंकिङ कार्यालयमा, सिद्धार्थनगर कार्यालयका अशोककुमार पौडेल सामान्य सेवा विभागमा, नेपालगञ्ज कार्यालयका विमलराज खनाल विकास बैंक सुपरिवेक्षण विभागमा, विराटनगर कार्यालयका विनोदराज आचार्य वित्त कम्पनी सुपरिवेक्षण विभागमा, पोखरा कार्यालयका पोमनाथ गौतम बैंकर्स प्रशिक्षण केन्द्रमा, धनगढी कार्यालयका किरण पण्डित मुद्रा व्यवस्थापन विभागमा, बैंक सुपरिवेक्षण विभागका रोशनकुमार सिग्देल विराटनगर कार्यालयमा, अनुसन्धान विभागका डा. डिल्लीराम पोखेल पोखरा कार्यालयमा, बैंकिङ कार्यालयका निश्चल अधिकारी धनगढी कार्यालयमा, मुद्रा व्यवस्थापन विभाग टक्सार महाशाखाका अनुज दाहाल बैंक सुपरिवेक्षण विभागमा, विकास बैंक सुपरिवेक्षण विभागका राजेन्द्र भट्टराई सिद्धार्थनगर कार्यालयमा, अनुसन्धान विभागका हिमप्रसाद न्यौपाने जनकपुर कार्यालयमा, बैंकर्स प्रशिक्षण केन्द्रका मुक्तिनाथ सापकोटा नेपालगञ्ज कार्यालयमा सरुवा हुनुभएको छ । साथै, जनकपुर कार्यालयका कार्यालय सहयोगी प्रथम हरिन्दर मेस्तर वीरगञ्ज कार्यालयमा सरुवा हुनुभएको छ ।

## कायम मुकायम

## मुकर्रर/पदस्थापन

लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उप निर्देशक थानेश्वर आचार्य मुद्रा व्यवस्थापन विभाग टक्सार महाशाखाको निर्देशक पदमा कायम मुकायम मुकर्रर भई सरुवा हुनुभएको छ । मुद्रा व्यवस्थापन विभागका उप निर्देशक निरा ताल्चाभडेल सोही विभागको निर्देशक पदमा कायम मुकायम मुकर्रर भई पदस्थापन हुनुभएको छ । साथै, कार्यालय सहयोगी (प्रथम) हरू धनिराम चौधरी धनगढी कार्यालयमा, हिरामान श्रेष्ठ अनुसन्धान विभागमा, गंगाधर पोखेल सिद्धार्थनगर कार्यालयमा, हिरालक्ष्मी नेपाली बैंकिङ कार्यालयमा, राजेन्द्र बहादुर बुढाथोकी नेपालगञ्ज कार्यालयमा, पञ्चलाल यादव जनकपुर कार्यालयमा, ज्ञानी नेपाली कानून महाशाखामा, झनप्रसाद कोइराला, विकास बैंक सुपरिवेक्षण विभागमा, साउचा पोडे विदेशी विनिमय व्यवस्थापन विभागमा र सुरजबहादुर गुरुङ्ग नेपालगञ्ज कार्यालयमा पदस्थापन हुनुभएको छ ।

समाचार उहाँहरूलाई बधाई ज्ञापन गर्दछ ।

# अर्धवार्षिक मूल्याङ्कन एवम् समीक्षा गोष्ठी सम्पन्न

संस्थागत योजना विभागको आयोजनामा नेपाल राष्ट्र बैंकको तेस्रो रणनीतिक योजना (२०१७-२०२१), आर्थिक वर्ष २०७५/७६ को वार्षिक कार्ययोजना तथा बजेटको अर्धवार्षिक मूल्याङ्कन एंवम् समीक्षा गोष्ठी २०७५ चैत १९ गते मंगलबार काठमाडौं बुढानिलकण्ठस्थित होटल पार्क भिलेज रिसोर्टमा सम्पन्न भयो ।

गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्य तथा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी तथा शिबराज श्रेष्ठको समुपस्थितिमा सञ्चालन भएको कार्यक्रमलाई मार्गनिर्देशन प्रदान गर्नुहुँदै गभर्नर डा. चिरंजीबि नेपालले संस्थाको उद्देश्य हासिल गर्न योजनामा उल्लेख भएका कार्यहरू समयमै सम्पन्न गर्न सबै कर्मचारीहरूलाई आफ्नो जिम्मेवारी निर्वाह गर्न निर्देशन दिनुहुँदै आवश्यक स्रोतको व्यवस्थापन र अन्य सहयोग गर्न उच्च व्यवस्थापन सदैव तयार रहेको बताउनुभयो ।

कार्यक्रममा संस्थागत योजना विभागका निर्देशक सुमनकुमार अधिकारीले सहभागीहरूलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यकारी निर्देशक प्रदीपराज पौड्यालले कार्यक्रममा नेपाल राष्ट्र बैंकको तेस्रो रणनीतिक योजना, वार्षिक कार्ययोजना तथा बजेटको अर्धवार्षिक मूल्याङ्कन एवम् समीक्षा प्रतिवेदन पेश गर्नुभएको थियो ।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले निकट भविष्यमा कर्णाली प्रदेशमा समेत नेपाल राष्ट्र बैंकले आफ्नो कार्यालय स्थापना गरी कार्य आरम्भ गर्न लागेको जानकारी दिनुभयो। भूकम्पले क्षति पुगेका काठमाडौंस्थित कार्यालय भवनहरूको निर्माणले गति लिएको उल्लेख गर्नुहुँदै उहाँले उपत्यका बाहिरका कार्यालयहरूमा पनि नयाँ भवन निर्माण गर्ने बैंकको नीति भएको बताउनुभयो ।

डेपुटी गभर्नर शिवराज श्रेष्ठले बैंकको कार्ययोजना तथा बजेट सबै विभाग तथा कार्यालयहरूले छलफल गरी बनाएको हुँदा यसलाई यथासमयमै पूरा गर्न गम्भीरतासाथ लाग्न कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।



नेपाल राष्ट्र बैंक अन्तर्राष्ट्रिय रूपमा अब्बल साबित भएका अभ्यासहरूलाई कार्यान्वयन गर्ने क्रममा रहेको सन्दर्भमा सबै विभागहरूबीच आपसी समन्वयको आवश्यकता औंल्याउनुहुँदै आवश्यक स्रोत साधनको व्यवस्था गर्न बैंक तयार रहेको बताउनुभयो ।

कार्यक्रमको व्यवसायिक सत्र डेपुटी गभर्नर शिवराज श्रेष्ठको अध्यक्षतामा सञ्चालन भएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका सम्पूर्ण विभाग तथा कार्यालयहरूका प्रमुखहरूको सहभागिता रहेको थियो ।

समीक्षा गोष्ठीमा अधिकांश सहभागीहरूले रणनीतिक योजना तथा वार्षिक योजना सम्बन्धी विद्यमान मूल्याङ्कन प्रणालीमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो । विभाग तथा कार्यालयहरूले गर्ने नियमित कार्यहरूको प्रगति समेत प्रतिविम्बित हुने मूल्याङ्कन प्रणालीको आवश्यकता रहेकोमा सहभागीहरूको जोड थियो ।

# नगद नेपाली तथा विदेशी मुद्रा ओसार पसारमा प्रतिबन्ध

विदेशी विनिमय व्यवस्थापन विभागले २०७५ चैत २६ गते नेपाली मुद्रा तथा विदेशी विनिमयको ओसार पसारमा नियन्त्रण गर्ने प्रयोजनका लागि व्यवस्था कायम गरी सूचना जारी गरेको छ । उक्त व्यवस्था बमोजिम नेपाली वा विदेशी नागरिक अन्य मुलुकमा जाँदा र आउँदा प्रतिव्यक्ति नेपाली रूपैयाँ ५,०००।- भन्दा बढी साथमा लैजान वा ल्याउन नपाउने व्यवस्था गरिएको छ ।

त्यसैगरी, नेपाली वा विदेशी नागरिकले नगद विदेशी मुद्रा अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा बढी साथमा ल्याएको अवस्थामा भन्सार घोषणा गरी प्रमाणित गरेको हुनुपर्ने व्यवस्था गरिएको छ। नेपाली नागरिकले विदेश जाँदा पासपोर्ट सटही सुविधा सहित अमेरिकी डलर ५,०००।- (पाँच हजार) नगद विदेशी मुद्रा लिएर जानुपर्दा सो विदेशी मुद्रा राहदानीमा दरपिठ गरेको हुनुपर्ने र उक्त सिमासम्म नगद विदेशी मुद्रा लैजाँदा नियमानुसार अघिल्लो पटक सटही गरी बचेको रकम लैजान पाउने सिमा समेतलाई गणना गर्दा अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा नाघ्न नहुने व्यवस्था भएको छ। तथापि, औषधी उपचार वा अन्य विशेष प्रयोजनको लागि विदेशी मुद्रा सटही प्राप्त गरेको प्रमाण पेश गरेमा त्यस्तो रकम समेत लैजान बाधा पर्ने समेत व्यवस्था भएको छ ।

यसै गरी, विदेशी नागरिकले नेपालबाट अन्य मुलुकमा जाँदा प्रतिव्यक्ति अमेरिकी डलर ५,०००।- (पाँच हजार) वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा बढी नगदै साथमा लैजान नपाइने तथापि नेपाल आउँदा भन्सार स्वघोषणा गरी ल्याएको सीमाभित्रको रकम स्वघोषणा गरी लैजान बाधा नपर्ने व्यवस्था गरिएको छ ।

उपर्युक्त व्यवस्था कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सम्बन्धित पक्षले नेपाल राष्ट्र बैंकमा निवेदन दिई त्यस्तो बाधा अड्चन फुकाउन सकिने सूचनामा उल्लेख गरिएको छ ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext .: १४०/३६२
ईमेल : samachar@nrb.org.np, वेबसाईट : www.nrb.org.np

**सम्पादक**
सुरेशकुमार दाहाल

**सम्पादन सहयोगी**
विष्णु दत्त पाण्डेय
समिता श्रेष्ठ
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६११६, ५७०५९१८